## कमजोर राज्य ...

विद्यालय क्षेत्रभन्दा टाढाटाढाको बस्तीमा गाडी लगेर खोजीखोजी टाठा, राम्रा र हाम्रा विद्यार्थी खोजेर आफ्नो स्कुलमा ल्याउन स्कुलहरूबीच होडबाजी नै चलेको छ। तैपनि नियामक निकाय बेखबर जस्तै बनेको छ।

विद्यालयले रिजल्ट राम्रो दिनु, दक्ष विद्यार्थी उत्पादन गर्नु देशको लागि फाइदा भए पनि टाढाटाढासम्म गाडी सञ्चालन गर्नु र निजी स्कुलहरूले जस्तै रकम असुल्ने काम गलत भएको बताउँछन् अभिभावक संघ लुम्बिनीका अध्यक्ष हेम थापा।

शिक्षा पत्रकार समूहका अध्यक्ष कृष्ण मल्लले राज्यले अनिवार्य र निःशुल्क शिक्षा भनेपछि सरकारी स्कुलहरूले शुल्क उठाउन नपाइने बताए। कानून छल्न घुमाउरो तरिकाले अभिभावकबाट सहयोगको नाममा पैसा उठाउनु र गाडी सञ्चालन गरेर सरकारी र निजी विद्यालयले गल्ती गरेको मल्लको भनाइ छ।

बुटवल उपमहानगरपालिकाका शिक्षा शाखा प्रमुख मित्रमणि खनालले सरकारी स्कुलहरूले अभिभावकबाट शुल्क उठाएको जानकारी नभएको दाबी गरे। उनले भने, 'सहयोगको नाममा शुल्क उठाएको अभिभावकबाट निवेदन आए छापा मारिन्छ र कारबाही गरिन्छ।

सरकारी स्कुलहरूमा पढ्न सहज रूपमा भर्ना हुन नपाएको बारम्बार आवाज उठे पनि सरकारी निकायबाट त्यसको सुनुवाइ नभएको अभिभावकहरूको गुनासो छ।

सरकारले शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने र आधारभूत शिक्षा अनिवार्य निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने शिक्षासम्बन्धी ऐन २०७५ सबै सरकारी स्कुलहरूमा कार्यान्वयन भएको छैन।

नवीन औद्योगिक स्कुलका प्राचार्य प्रेम बस्नेतले स्कुलमा आवश्यक शिक्षक र कर्मचारीको खर्च चलाउन अभिभावकबाट सहयोग उठाएको बताउँछन्। 'सबैलाई प्रस्ट भएको विषय हो, स्कुलमा कति दरबन्दी छ, कति शिक्षक कर्मचारी बाहिरबाट राख्नुपरेको छ, हामीले विद्यार्थीबाट उठाएको रकम अन्य शीर्षकमा खर्च गरेका छैनौं सबै आम्दानी खर्च पारदर्शी छ', उनले भने।

बस्नेतका अनुसार सबैको मेहनतबाट नतिजा राम्रो आएपछि विद्यार्थीको चाप बढेको र आएका सबै विद्यार्थी राख्न सकिने अवस्था नहुँदा आफैंलाई अफ्ठेरो लागेको छ।

शिक्षाविद् प्रा.डा.विद्यानाथ कोइरालाले शिक्षा मन्त्रालयमा ठूला राजनीतिक दलले राजनीतिक स्वार्थमात्रै पूरा गर्न खोजेको भन्दै उच्च शिक्षामा राज्यको उदासीनता, बेखबर, ध्यान पुग्न नसकेको बताए।

उनले शिक्षामा बजेट पर्याप्त नभएका कारण सामुदायिक विद्यालयको पहुँच घट्दै गएको औंल्याए। उच्च शिक्षा हेर्ने एउटा छुट्टै मेकानिजम स्थापना भएमा शिक्षा क्षेत्र सुधार हुँदै जाने उनले सुझाव दिए।

प्याब्सनका केन्द्रीय सदस्य टीकाराम न्यौपानेले हालको शिक्षा नीतिले सरकारी तथा संस्थागत विद्यालय कुनैलाई पनि फाइदा पुग्ने खालको नीति ल्याउन नसकेको आरोप लगाए।

कालिका मानवज्ञान विद्यालय बुटवलका प्रधानाध्यापक दिनेश थापाले शिक्षा सुधार गर्न भौतिक संरचनाका साथै शिक्षकहरूको गुणस्तरलाई जोड दिनुपर्ने बताए।

# वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनुपर्नेमा जोड

**दैनिक पत्र संवाददाता**
पाल्पा, १३ बैशाख।

वैदेशिक रोजगारका लागि जानेको संख्या हरेक वर्ष थपिँदो छ। प्रत्येक वर्ष भारत लगायत तेस्रो मुलुक जानेको संख्या बढ्दै गएको हो। लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये पाल्पा पनि चौथो नम्बरमा धेरै जानेमध्ये पर्छ। यसका लागि अहिलेसम्म कुनै सूचना केन्द्र संचालनमा छैन। सूचना केन्द नहुँदा धेरै दुःख पाउनु परेको छ। यसका लागि लुम्बिनी प्रदेश सरकार र सुरक्षित आप्रवासन संस्थाले जिल्लामा पुगेर स्रोत केन्द्र स्थापनाका लागि छलफल गर्ने गरेको छ। लुम्बिनी प्रदेश उद्योग पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन पाल्पाका स्थानीय सरकारसँग छलफल गरेको छ। मन्त्रालयले तानसेनमा स्थानीय तहका जनप्रतिनिधी तथा प्रमुख प्रशासकीय अधिकृतहरूलाई राखेर छलफल गरेको हो। देशमा प्रर्याप्त रोजगारीको अवस्था नहुँदा विदेश जान बाध्य नेपाली श्रमिकहरूलाई सुरक्षित मर्यादित बनाउन स्थानीयतहबाटै पहल, सचेतना तथा परामर्श थाल्नुपर्ने अभियानका साथ मन्त्रालयले छलफल चलाएको छ। छलफलमा स्थानीयतहका प्रमुख तथा प्रशासकीय अधिकृतहरूले स्थानीय सरकार भनेर सबै पक्ष ठोकिने गरे पनि बैदेशिक रोजगारलाई व्यस्थित, सुरक्षित र मर्यादित बनाउन नीति, योजना, बजेट र कार्यक्रम सहित पालिका, पालिकामा व्यस्थित कार्यालयबाट काम गरिनु पर्नेमा जोड दिएका छन्। प्रदेशमै पाल्पा पाँचौ नम्वरमा वैदेशिक रोजगारीमा जाने संख्याको सूचीमा परे पनि मन्त्रालयले हालसम्म पालिकाहरूलाई केन्द्रीत गरेर कार्यक्रम र बजेट विनियोजन नगरी एक दिने छलफलले मात्र काम गर्न कठिन हुने पालिका अध्यक्षहरूले बताएका छन्। पाल्पामा गत वर्ष मात्र ९ हजार ४ जना वैदेशिक रोजगारीमा पुगेका छन्। चालु आर्थिक वर्षको हाल सम्म ८ हजार ४ सय जना बैदेशिक रोजगारीका लागि देश छाडेका छन्। जसमा भारत तथा शैक्षिक अध्ययनका लागि गएका व्यक्तिहरू भने समावेश भएका छैनन्।

लुम्बिनी प्रदेशमा मात्र गत आर्थिक वर्षमा १ लाख १३ हजार ५ सय ६१ जना व्यक्ति वैदेशिक रोजगारीमा गएका छन्। सुनौलो भविष्य देखेर वैदेशिक रोजगारीमा पुगेका नेपालीहरूको विदेशमा पुगेपछि भने सोचेजस्तो सफलता पाउन सकेका छैन। दैनिक ५ जनासम्म नेपाली श्रमिकहरूको मृत्यु हुने गरेको छ। कयौं डिप्रेसनमा पुगेका छन्।

टवाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरू: तपाईंको घरको सिट, नाली
जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता,
अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली
ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।


प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय शुकपथ, बुटवलको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०१/१४ गते)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय शुक्रपथ, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सुचना प्रकाशित गरीएको छ। यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० बैशाख २९ गते शुक्रबार**का दिन शाखा कार्यालय शुक्रपथ, बुटवलमा गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण:**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति विभाग, कम्पनी रजिस्टारको कार्यालय काठमाण्डौ मा द.नं. २७२९९/०६० अन्तर्गत मिति २०६०/११/१४ मा दर्ता कायम भई रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा.वडा नं. ०६ स्थित **ह्वाईट रोज एकेडेमी प्रा.लि.**।

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. गोविन्द प्रसाद ज्ञवालीको नाति, दुर्गा प्रसाद शर्मा (ज्ञवाली)/पदमा देवी ज्ञवालीको छोरा, सबिता मरासिनीको पति, बाँके जिल्ला, वागेश्वरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ बस्ने **विनोद प्रसाद ज्ञवाली** (ना.प्र.नं. १७५१४, जारी मिति २०४७/०२/२१, जिल्ला प्रशासन कार्यालय बाँके)।
२. नेत्र नारायाण शर्मा/सावित्रा शर्माको नातिनी, केशव राज शर्मा/भिमकला शर्माको छोरी, भैरव प्रसाद लम्साल/डांसी कुमारी लम्सालको बुहारी, वसन्त राज लम्सालको पत्नी, स्याङ्जा जिल्ला, ओरष्टे गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा, वडा नं. ०९ बस्ने **संगीता देवी शर्मा** (ना.प्र.नं. १८५०७, जारी मिति २०५१/०४/०९, स्याङजा)।
३. देवी दास मरासिनीको नातिनी, खगेश्वर शर्मा मरासिनी/गंगादेवी मरासिनीको छोरी, दुर्गा प्रसाद शर्मा (ज्ञवाली)/पदमा देवी ज्ञवालीको बुहारी, विनोद प्रसाद ज्ञवालीको पत्नी, रुपन्देही जिल्ला, बुटवल न.पा, वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ **सबिता मरासिनी** (ना.प्र.नं. ६४९, जारी मिति २०५२/१२/२२, रुपन्देही)।
४. टोपनाथ लम्सालको नाति, भैरव प्रसाद लम्साल/डांसी कुमारी लम्सालको छोरा, संगीता देवी शर्माको पति, स्याङ्जा जिल्ला, चिन्नेवास गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०९ बस्ने **वसन्त राज लम्साल** (ना.प्र.नं. १०९१६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय स्याङ्जा)।

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **ह्वाईट रोज एकेडेमी प्रा.लि.**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला ( साबिक बुटवल न.पा./गा.वि.स., वडा नं. ०६) भई हाल बुटवल उ.म.न.पा, वडा नं. ०४ स्थित कित्ता नं. ८४ र २२८ को क्षे.फ. क्रमश: ४६७.६० र ९९९.२०(व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० बैशाख २८ गते** भित्र बैंकको शाखा कार्यालय शुक्रपथ, बुटवलमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शुक्रपथ, बुटवलबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सुचना प्रकाशित भएको मितिले १६ **(सोह्रौं) दिन अर्थात २०८० बैशाख २९ गते १२:०० (बाह्र) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय शुक्रपथ, बुटवलमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सुचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय शुक्रपथ, बुटवलमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० बैशाख २९ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय शुक्रपथ, बुटवल, फोन नं. ०७१/५४१६०९**

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## (E–Bidding) आय ठेक्काको बोलपत्र/शिलवन्दी दरभाउपत्र सम्बन्धी दोस्रो पटक आहवान गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति:** २०८०/०१/१४)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस गाउँपालिकाबाट स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को अधीनमा निर्धारित मापदण्ड बमोजिम तपशिलमा उल्लेखित रोहिणी नदीको घाट/नाकाहरुबाट नदीजन्य पदार्थ उत्खन्न गरी रोहिणी गाउँपालिकाको आर्थिक ऐन, २०७९ ले निर्धारण गरेको प्रति घनफिट भ्याट बाहेक रु. ६(छ) का दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नलाई मिति:२०७९/०९/२५ को गाउँपालिका बैठकको निर्णय भएकोले इच्छुक फर्म/कम्पनीहरुले फर्मको इजाजत पत्र/व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कम्तिमा आ.व.०७८/७९ को आयकर चुक्ताको प्रमाण संलग्न राखी www.bolpatra.gov.np/egpमार्फत विद्युतीय बोलपत्र (E–Bidding)/शिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि यस कार्यालयको वेबसाइट www.rohinimun.gov.np वा www.bolpatra.gov.np/egp मा तथा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| आय ठेक्का | आय ठेक्काको नाम | संकलन/उत्खनन् गर्नुपर्ने परिमाण (घन फिटमा) | न्युनतम अंक रु. (भ्याट बाहेक) | ठेक्का अवधि | बोलपत्र दस्तुर रु. (फिर्ता नहुने) | बोलपत्र दस्तुर बुझाउने खाता नं. | अनलाईन बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 07/SQ/Goods/RRM/2079/80 | रोहिणी खोला बैरिहवा क्षेत्रबाट भस्कट उत्खनन तथा बिक्री वितरण | ४,५१,५८४ | २७,०९,५०४।०० | २०८० जेष्ठ मसान्त | ३००० | आन्तरिक राजश्व खाता ०९४२०५००२९२११००३ कार्यालय कोड नं. ८०१०५३११ | २४ बैशाख २०८० दिनको १२:०० बजेसम्म। |

**प्रमुख प्रशासकीय अधिकृत**

सुवर्ण अवसर
इङलिस भाषामा बोल्न, बुझ्न सक्ने कुक, वेयटर, वारमेन, क्याप्टेन, किचन हेल्पर, हाउस किपीङ गर्न सक्ने +२ पास गरेका वा कम्तीमा ३ वर्ष विदेश बसेर आएका व्यक्तिलाई विशेष ग्राह्यता दिईनेछ।
सम्पर्क
९७६९७७२९२३

खुसीको खबर !
तपाईको शहर बुटवलमा, बलियो, टिकाउपन र भर पर्दो L.B.B. इट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।
L.B.B.
सम्पर्क : ९८५७०२६७२०,उद्योग-९८४७२४४७१३, देवदह खैरेनी, रुपन्देही,

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।
सुरज सेनेटरी
बुटवल-१७, रानीगंज
मो.: ९८६७७९२९७६, ९८२१४४९९९७

L.B.F ईट्टा चाहिएमा
तपाईको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपदो L.B.F. मार्का ईट्टा चाहिएमा तु-सम्पर्क गर्नुहोला।
सम्पर्क:
पड्सरी-५, ठुटिपिपल, रुपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार

प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

## हार्दिक श्रद्धाञ्जली एवम् समवेदना



जन्म:
वि.सं. १९८३/०६/१५

स्वर्गारोहण:
वि.सं. २०८०/०१/०६

**स्व. होमनाथ घिमिरे**

रुपन्देही जिल्ला, तिलोत्तमा-२, जानकीनगर निवासी हाम्रा शुभेच्छुक प्रा.डा. रामप्रसाद घिमिरेज्यूका पूजनीय पिता **होमनाथ घिमिरे**को निधनबाट हामी अत्यन्त दुःखित एवं मर्माहत भएका छौं। शोकको यस दुःखद घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

**मञ्जु पौडेल**
व्यवस्थापक

**डा. बालकृष्ण चापागाईं**
कार्यकारी प्रमुख तथा प्रधान सम्पादक

**महेशमान सिंह**
अध्यक्ष

दैनिक पत्र
जनसंघर्ष
स्वाधीन

**बुटवल मिडिया प्रकाशन प्रा.लि. परिवार**
बुटवल-६, बुद्धपथ, रुपन्देही